पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ५ पोखरा खण्ड : ५७ प्रमाणित मितिः २०७८ माघ २६ गते

## भाग २

## गैरसरकारी संस्था निर्देशिका, २०७८

# गैरसरकारी संस्था निर्देशिका, २०७८

**प्रस्तावनाः** पोखरा महानगरपालिकाको कार्यक्षेत्र भित्र क्रियाशील रहेका गैरसरकारी संघसंस्थाहरुबाट सञ्चालन हुने परियोजनाहरुलाई त्यस्ता संस्था र महानगरबीच आवश्यक समन्वय कायम गरी व्यवस्थित, प्रभावकारी, पारदर्शी र परिणाममुखी बनाउँदै गैरसरकारी संघसंस्थालाई विकास साझेदार संस्थाको रुपमा विकास गर्दै अघि बढाउन वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी पोखरा महानगरपालिकाले यो निर्देशिका बनाई जारी गरेको छ ।

## परिच्छेदः १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "**गैरसरकारी संस्था निर्देशिका, २०७८**" रहेको छ ।

(२) यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "**ऐन**" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(ख) "**महानगरपालिका**" भन्नाले पोखरा महानगरपालिकालाई जनाउँछ ।

(ग) "**उपप्रमुख**" भन्नाले महानगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(घ) "**महाशाखा प्रमुख**" भन्नाले सामाजिक विकास महाशाखाको प्रमुखलाई सम्झनु पर्छ ।

(ङ) "**निर्देशक समिति**" भन्नाले परिच्छेद ४ बमोजिमको समितिलाई

सम्झनु पर्छ ।

(च) **"गैर सरकारी संस्था"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई सामाजिक तथा विकास कार्य गर्ने उद्देश्यले स्थापना भएका गैर राजनीतिक तथा गैर नाफामूलक संस्थालाई सम्झनु पर्छ ।

(छ) **"अन्तर्राष्ट्रिय गैरसरकारी संस्था"** भन्नाले विदेशमा दर्ता भई नेपालमा सामाजिक सेवा विकास कार्यमा संलग्न हुने तथा त्यस्तो कार्यमा सहयोग गर्ने गरी नेपाल सरकारवाट अनुमति प्राप्त संस्थालाई सम्झनु पर्छ ।

(ज) **"गैसस महासंघ"** भन्नाले गैरसरकारी संस्थाहरुको छाता संगठनलाई सम्झनु पर्छ ।

(झ) **"परियोजना"** भन्नाले गैरसरकारी संस्थाले दाताको सहयोग तथा आफ्नै स्रोतवाट संचालन गर्ने योजना तथा कार्यक्रमलाई सम्झनु पर्छ ।

## परिच्छेद : २
## लक्ष्य तथा उद्देश्य

३. **निर्देशिकाको लक्ष्य** : पोखरा महानगरपालिका र महानगरभित्र सञ्चालित गैरसरकारी संस्थाका बीचमा समन्वय कायम गरी गैरसरकारी संस्थावाट सञ्चालन हुने कार्यक्रमहरुलाई प्रभावकारी बनाउनु यस निर्देशिकाको लक्ष्य रहेको छ ।

४. **निर्देशिकाको उद्देश्य** : यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम हुनेछ ।

(क) गैरसरकारी संस्थावाट सञ्चालन हुने कार्यक्रमलाई महानगरको भौगोलिक अवस्था, आवश्यकता र प्राथमिकताका क्षेत्रमा निर्देशित गर्ने,

(ख) गैरसरकारी संस्थाको योगदान र स्रोतसाधनलाई लक्षित वर्ग, तह र क्षेत्रसम्म पुऱ्याउने,

(ग) गैरसरकारी संस्थाद्वारा सञ्चालित परियोजनाहरुलाई सहभागितामूलक, मर्यादित, व्यवस्थित, पारदर्शी र जवाफदेही बनाउने,

(घ) सरकारी क्षेत्रवाट सञ्चालन हुने र विभिन्न गैरसरकारी संघ संस्थावाट सञ्चालन हुने कार्यक्रमको दोहोरोपना हटाउने,

(ङ) गैरसरकारी संस्थावाट सञ्चालन हुने परियोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्दै निरन्तर सुधार गर्दै लैजाने,

(च) अभिलेखीकरण प्रक्रियालाई व्यवस्थित गर्ने,

(छ) गैरसरकारी संस्थाहरुलाई आवश्यक सहयोग, नियमन तथा मार्गदर्शन गर्ने,

## परिच्छेद : ३

## गैरसरकारी संस्थाहरुको अभिलेखीकरण, कार्यक्षेत्र तथा वर्गीकरण

५. **गैरसरकारी संस्थाहरुको वर्गीकरण** : पोखरा महानगरपालिका क्षेत्रभित्र सञ्चालित गैरसरकारी संस्थाहरुको अभिलेख अद्यावधिक गरी राख्ने प्रयोजनका लागि संस्थाको वर्गीकरण देहाय बमोजिम गरी अभिलेखीकरण गरिनेछ ।

(क) महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने संस्था

(ख) अपाङ्गताको क्षेत्रमा काम गर्ने संस्था

(ग) ज्येष्ठ नागरिकको क्षेत्रमा काम गर्ने संस्था

(घ) सामाजिक तथा सामुदायिक संस्था

(अ) आमा समूह

(आ) धार्मिक संस्था

(इ) पेशागत संस्था

(ङ) कृषि, वन तथा वातावरण सम्वन्धी क्षेत्रमा काम गर्ने संस्था

(च) मानव अधिकारको क्षेत्रमा काम गर्ने संस्था

(छ) बालगृहको रुपमा सञ्चालित संस्था

(ज) स्वास्थ्य क्षेत्रमा काम गर्ने संस्था

(झ) शिक्षा क्षेत्रमा काम गर्ने संस्था,

(ञ) सामुदायिक विकास र शान्ति निर्माणका क्षेत्रमा काम गर्ने संस्था,

(ट) अन्य प्रकृतिका संस्था जस्तैः प्रतिष्ठान, ट्रष्ट, गुठी, पेशागत संस्था, सञ्जाल तथा महासंघ, अनुसन्धान संस्था

## परिच्छेद : ४
## नगर स्तरीय परियोजना निर्देशक समिति

६. **परियोजना निर्देशक समिति** : गैरसरकारी संस्थाहरुलाई परियोजनाको पूर्वसहमति प्रदान गर्न र परियोजना स्वीकृति, अनुगमन, मूल्याङ्कन लगायत आवश्यक निर्देशनको लागि एक परियोजना निर्देशक समिति रहनेछ ।

७. **निर्देशक समिति गठन** : (१) समितिमा देहाय अनुसार सदस्यहरु रहनेछन्।

(क) उपप्रमुख -अध्यक्ष

(ख) नगरप्रमुखले तोकेको एक जना महिला सहित दुई जना कार्यपालिका सदस्य -सदस्य

(ग) योजना महाशाखा प्रमुख - सदस्य

(घ) स्वास्थ्य महाशाखा प्रमुख -सदस्य

(ङ) वित्त प्रशासन महाशाखा प्रमुख -सदस्य

(च) शिक्षा महाशाखा प्रमुख -सदस्य

(छ) सामाजिक विकास महाशाखा प्रमुख-सदस्य सचिव

(२) समितिको बैठकको सञ्चालन गर्दा उपस्थितिको गणपूरक संख्या पचास प्रतिशत हुनुपर्नेछ ।

(३) समितिले बैठकमा आवश्यकता अनुसार विषय विज्ञ तथा

सम्बन्धित निकायका अधिकृत प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

८. **समितिको काम, कर्तव्य अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) गैरसरकारी संस्थाहरुको परियोजना स्वीकृति तथा कार्यान्वयन प्रक्रियामा आवश्यक सल्लाह, सुझाव, परामर्श एवं निर्देशन दिने,

(ख) गैरसरकारी संस्थाको परियोजनाको पूर्व सहमति वा कार्यान्वयनको लागि स्वीकृति दिने,

(ग) परियोजना तथा कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्ने,

(घ) गैससको वार्षिक प्रगति प्रतिवेदन लिने,

(ङ) आवश्यकता अनुसार अन्य कार्यहरु गर्ने ।

## परिच्छेद : ५

## संस्था सूचीकृत तथा परियोजना कार्यान्वयन सम्बन्धी व्यवस्था

९. **सूचीकृत हुनपर्ने** : (१) प्रचलित कानून बमोजिम दर्ता भई महानगर क्षेत्रमा सञ्चालित गैरसरकारी संस्थाले प्रत्येक आर्थिक वर्ष भित्र महानगरपालिकामा सूचीकृत नगरी परियोजना सञ्चालन गर्न पाउनेछैन।

(२) उपदफा (१) बमोजिम सूचीकृत हुन अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

(३) यस परिच्छेद बमोजिम सूचीकृत हुने गैरसरकारी संस्थाले प्रत्येक वर्ष ज्येष्ठ महिनाको १५ गतेभित्र बजेट तथा कार्यक्रम पेश गर्नुपर्नेछ ।

१०. **परियोजना दर्ता र कार्यान्वयन** : महानगरपालिका क्षेत्रमा कार्यक्षेत्र राखी सञ्चालित गैरसरकारी संस्थाले परियोजना संचालन गर्न देहाय बमोजिमको प्रक्रिया अनिवार्य रुपमा पूरा गर्नुपर्नेछ ।

(क) प्रचलित कानुन बमोजिम जुनसुकै कार्यालयमा दर्ता भएका गैरसरकारी संस्थाले परियोजना कार्यान्वयन गर्नुपूर्व अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन पेश गरी परियोजना दर्ता गर्नुपर्नेछ।

(ख) समाजकल्याण परिषद् वा दातृ निकायवाट स्वीकृत भएका परियोजनाहरु समेत कार्यान्वयन गर्नुपूर्व कार्यक्रम, वजेट तथा सम्झौतापत्र सहित लगायतका दस्तावेज पेश गरी महानगरपालिकामा दर्ता गर्नुपर्नेछ ।

घ) सरकारी विषयगत क्षेत्रका कार्यक्रमसँग दोहोरो नपर्ने गरी नियमित रुपमा महानगरपालिकाको विषयगत महाशाखाहरुसँग समन्वय गरी परियोजना सञ्चालन गर्नुपर्नेछ ।

ङ) परियोजना सञ्चालन गर्दा परियोजनाको कुल बजेटको २०% भन्दा बढी प्रशासनिक खर्च राख्न पाइने छैन ।

११. **परियोजनाको पूर्वसहमति, समीक्षा तथा प्रगति प्रतिवेदन** : (१) प्रस्तावित परियोजनाको प्रस्ताव दातृ संस्था वा दाता निकाय समक्ष पेश गर्न गैरसरकारी संस्थालाई पूर्व सहमति आवश्यक भएमा महनगरपालिकामा आवश्यक कागजात सहित निवेदन पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन महानगरपालकिाले निर्देशक समितिमा पठाउनुपर्नेछ ।

(३) गैर सरकारी संस्थाले प्रस्तावित परियोजनाका सम्बन्धमा निर्देशक समिति समक्ष विस्तृत प्रस्तुतीकरण र छलफल गरी सो परियोजना उपयुक्त लागेमा परियोजना संचालनका लागि पुर्व सहमति पत्र दिन सकिनेछ। तर दश लाख भन्दा कम बजेट रहेको परियोजना वा कार्यक्रमको लागि परियोजना निर्देशक समितिको वैठक अगावै पनि सहमति दिन सकिनेछ ।

(४) पूर्व सहमति प्राप्त गरिसकेपछि सम्बन्धित दाताबाट परियोजना स्वीकृत भएनभएको जानकारी यथाशीघ्र गैर सरकारी संस्थाले महानगरपालिकालाई गराउनुपर्नेछ ।

(५) परियोजना कार्यान्वयनमा आएपछि गैरसरकारी संस्थाले निर्देशक समिति समक्ष प्रत्येक ६/६ महिनामा प्रगति समीक्षा विवरण पेश गर्नु पर्नेछ।

(६) महानगरपालिका भित्र कार्यक्रम संचालन गर्ने गरी सूचीकृत भएको गैरसरकारी संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र लेखापरीक्षण प्रतिवेदन एवं वार्षिक प्रगति प्रतिवेदन महानगरपालिकामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद : ७
## अनुगमन सम्बन्धी व्यवस्था

१२. **अनुगमन तथा निर्देशन** : (१) यस निर्देशिका बमोजिम निर्देशक समिति तथा सामाजिक विकास महाशाखाबाट समय समयमा गैरसरकारी संस्था तथा परियोजनाहरुको अनुगमन गरिनेछ।

(२) गैरसरकारी संस्थाले सञ्चालन गरेको परियोजनाको लक्ष्य र उद्देश्य बमोजिम कार्यान्वयन सन्तोषजनक नदेखिएमा आवश्यक सुधारको लागि महाशाखाले निर्देशन दिन सक्नेछ।

(३) अनुगमन गर्ने समिति वा महाशाखाले दिएको निर्देशन तथा सुझावहरुको पालना गर्नु सम्बन्धित गैरसरकारी संस्थाहरुको कर्तव्य हुनेछ।

## परिच्छेद : ८
## विविध

१३. **सम्पर्क शाखा** : महानगरपालिकामा कार्यक्षेत्र रही परियोजना सञ्चालन गर्ने गैरसरकारी संस्थाहरुको सम्पर्क शाखाको रुपमा सामाजिक विकास महाशाखा रहनेछ।

१४. **निर्देशिकाको पालना** : गैरसरकारी संस्थाले यस निर्देशिकाको पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

१५. **कार्यान्वयनमा रोक** : प्रचलित कानुन र यस निर्देशिका विपरित काम कारवाही गरेको पाइएमा महानगरपालिकाले त्यस्तो काम कारवाहीमा रोक लगाउन सक्नेछ ।

१८. **संशोधन** : नगर कार्यपालिकाले यस निर्देशिकामा आवश्यक संशोधन र हेरफेर गर्न सक्नेछ ।

१९. **संघीय कानुन बमोजिम हुने** : यो निर्देशिकामा भएका व्यवस्था संघीय कानूनले परिवर्तन गरेमा वा नयाँ संघीय कानून बमोजिम नयाँ व्यवस्था कायम भएमा संघीय कानून बमोजिम नै हुनेछ ।

## अनुसूची–१

(दफा ९ सँग सम्बन्धित)

### सूचीकृत हुनका लागि दिइने निवेदनको ढाँचा

श्री पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पोखरा ।

**विषय : संस्था दर्ता/सूचीकृत सम्बन्धमा ।**

त्यस महानगरपालिकाको गैरसरकारी संस्था निर्देशिका, २०७८ को दफा ९ बमोजिम तपसिल अनुसारको संस्थालाई दर्ता/सूचीकृत गरीदिनुहुन अनुरोध छ

**विवरण**

१. संस्थाको नाम :

२. संस्थाको ठेगाना :

३. संस्थाको फोन नं.: ......................... इमेल ठेगानाः .......................

४. संस्थाको मूलभूत उद्देश्यः ............................................................

.............................................................................................

५. संस्थाको कार्यस्थलः

६. संस्थाको लक्षित वर्ग/कार्यक्षेत्रः

५. संस्थाको आर्थिक स्रोतः

**संलग्न कागजात**

- दर्ता प्रमाणपत्र प्रतिलिपि
- नवीकरण प्रमाणपत्र प्रतिलिपि

- करचुक्ता प्रमाणपत्र प्रतिलिपि
- एक प्रति संस्थाको विधान
- परियोजना/कार्यक्रम कार्ययोजना
- सम्बन्धित वडाको सिफारिस पत्र
- वैदेशिक सहयोग भए समाजकल्याण परिषदको सिफारिस पत्र

**निवेदक**

**नाम :**

**पद :**

**हस्ताक्षर :**

**मिति :**

**संस्थाको छाप :**

## अनुसूचि–२

(दफा १० सँग सम्वन्धित)

## परियोजना दर्ता निवेदन

श्री पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पोखरा ।

**विषय : परियोजना दर्ता सम्बन्धमा ।**

त्यस महानगरपालिकाको गैरसरकारी संस्था निर्देशिका, २०७८ को दफा १० बमोजिम गैरसरकारी संस्थाले परियोजना दर्ता गर्नुपर्ने व्यवस्था भए बमोजिम यस संस्थाको तपसिल अनुसारको परियोजना तोकिएको क्षेत्रमा आवश्यक र उपयुक्त भएकोले नियमानुसार दर्ता गरिदिनुहुन अनुरोध छ ।

| क्र सं | परियोजनाको नाम | परियोजनाको कूल वजेट | | परियोजना अवधि | परियोजना संचालन हुने स्थान | परियोजनाको लक्षित वर्ग | लक्षित जनसंख्या | परियोजना प्रमुखको नाम र सम्पर्क नं |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रशासनिक खर्च | कार्यक्रम खर्च | मिति.......देखि .....सम्म | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**निवेदक**

नाम :

पद :

हस्ताक्षरः

मिति :

संस्थाको छाप :

**प्रकाशन मिति : २०७८ माघ २६ गते**

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**